आज मिति २०८३ साल जेठ महिनाको २५ गते ठीक ०७:०० बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको १०९ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरु :-

१. अध्यक्ष श्री मुक्त बहादुर सारु

२. उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

३. सदस्य श्री यम बहादुर राना

४. सदस्य श्री फत्ते सिं दर्लामी

५. सदस्य श्री नविन्द्र थापा सोती

६. सदस्य श्री सन्तविर सुनारी

७. सदस्य श्री दुर्गा बहादुर सोमै

८. सदस्य श्री मेख बहादुर सुनारी

९. सदस्य श्री मुक्त बहादुर पाटा

१०. सदस्य श्री हेम कुमारी सुनारी

११. सदस्य श्री देवीसरा सोमै

१२. सदस्य श्री मिम्श्री बयम्बु

१३. सदस्य श्री खुमीसरा पुलामी

१४. सदस्य श्री रिकलाल कामी

१५. सदस्य श्री खुम बहादुर वि.क.

१६. सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

आर्थिक प्रशासन शाखा प्रमुख श्री सरोज काफ्ले

का.स.श्री गम बहादुर गाहा

मिति २०८३।०२।२५ गतेका दिन ठीक ०७:०० बजे बसेको निस्दी गाउँपालिकाको १०९ औं गाउँ कार्यपालिकाको बैठकको प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,अनुदान माग सम्बन्धमा ।

३,आर्थिक सहयोग सम्बन्धमा ।

४, भुक्तानी सम्बन्धमा ।

४,विविध ।

मिति २०८३।०२।२५ गते बसेको निस्दी गाउँपालिकाको १०९ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१. गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो,सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो साथै देहाय बमोजिमका आयोजनाहरुको अनुगमन गरिएको र सो बारे समिक्षा गरियो ।

-राहुबन मोटर बाटो ढलान
-गल्धा स्वास्थ्य चौकी ट्रस तथा सर्पोर्टिङ्ग वाल निर्माण
-घाडछहारी खहरे झरना पर्यटन प्रवर्द्धन
-पिपलभञ्ज्याङ्ग बेलौतीडाँडा
-लितिपिरिङ देखि अधमारा सम्मको मोटर बाटो स्तरोन्नती
-गोरखनाथ मा वि ट्रस भवन निर्माण
-जनप्रिय मा वि छात्रावास निर्माण
-गेझा खानेपानी टंकी निर्माण
-बेलौजी खोला कल्भर्ट निर्माण
-डाँडाथर सामुदायिक भवन निर्माण

२.यस निस्दी गाउँपालिका अन्तर्गत निर्मित १५ शैयाको आधारभुत अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि अनुदान आवश्यक पर्ने भएकोले संघमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र प्रदेशमा स्वास्थ्य मन्त्रालयमा अनुदान माग गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

३.पाल्पा जिल्ला खेलकुद विकास समितिको आर्थिक सहयोगको लागि निवेदन माग बमोजिम जिल्ला स्तरीय र प्रदेशस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालनको लागि रु.३०,०००।—(**अक्षरुपी तिस हजार मात्र** )आर्थिक सहयोग गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

४.यस निस्दी गाउँपालिका वडा नं.२ अन्तर्गत निर्माणाधिन सहलकोट स्वास्थ्य चौकीको पहिलो Running Bill वापतको रकम रु.३४,०२,२९९।— (**चौतिस लाख दुई हजार दुई सय उनान्सय मात्र** )प्राविधिक

मूल्यांकन र अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी गर्ने प्रक्रिया अगाडि बढाई भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

५.तपशिलका विविध विषयमा देहाय बमोजिमका निर्णय गरियो ।

क. राजस्व परामर्श समितिको मिति २०८३।०२।२५ गते बसेको बैठकको निर्णयहरुलाई सर्वसम्मत अनुमोदन गरियो ।

ख. मिति २०८३।०२।२० को मूल्यांकन समितिले निर्धारण गरेको कृषि मेशिनरी औजारहरुको दर रेट स्वीकृत गरी सोही बमोजिम कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

ग. यस निस्दी गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका स्वास्थ्य संस्थाहरुलाई सुरक्षित गर्भपतन (Medical Abortion -MA) सेवा प्रदानको लागि सुचिकृत गर्ने र सो को जानकारी दिई कार्यान्वयन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

-गल्धा स्वास्थ्य चौकी,निस्दी गा.पा.-५

-ज्यामिरे स्वास्थ्य चौकी,निस्दी गा.पा.-७

घ. यस निस्दी गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका स्वास्थ्य चौकीमा कार्यरत अनमीहरुलाई देहाय अनुसार कामकाज तोक्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

| नामथर | कार्यरत संस्था | कामकाज तोकिएको संस्था |
|---|---|---|
| शर्मिला नेपाली | सहलकोट स्वास्थ्य चौकी | मित्याल स्वास्थ्य चौकी |
| मेनुका राज | ज्यामिरे स्वास्थ्य चौकी | सहलकोट स्वास्थ्य चौकी |